# सरूमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बङ्गाँडा, प्यूठान
## ५ नं प्रदेश, नेपाल

प.स : ०७६।०७७
च.नं:

मितिः२०७७।०२।२५

### प्रेस बिज्ञप्ती ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ को संक्रमण नेपालमा पनि दिनदिनै वृद्दि हुँदै गइरहेको सन्दर्भमा प्यूठान जिल्लामा पनि संक्रमण देखिने क्रम सुरुभएको छ । छिमेकि मूलुक भारतबाट कृष्णनगर नाका हुँदै मिति २०७७।०२।०६ गते बेलुकी ७ बजे सरुमारानी गाउँपालिका अन्तर्गत रहेको खड्गेश्वरी मा.वि क्वारेन्टाइन स्थलमा प्रवेश गरेका सरूमारानी गाउँपालिका वडा नं.२ का एक जना १९ वर्षिय पुरूषको कोभिड-१९ संक्रमण जाँचका लागि स्वाव नमुना संकलन गरी राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा पठाइएकोमा उक्त प्रतिष्ठानको मिति २०७७।०२।२५ मा जारी प्राप्त प्रतिवेदन अनुसार उक्त परीक्षणको नतिजा पोजेटिभ (संक्रमित) भएको जानकारी प्राप्त भएको छ साथै हाल संक्रमित व्यक्तिको स्वास्थ्य अवस्था सामान्य रहेको तथा स्वास्थ्यकर्मिको निरन्तर निगरानीमा रहने गरी उक्त क्वारेन्टाइन रहेको विद्यालयको आईसोलेशनमा राखिएको व्यहोरा जानकारी गराइन्छ ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको लागी नेपाल सरकारले देश व्यापी बन्दाबन्दी (लक डाउन) को आदेश जारी रहिरहेको अवस्थामा गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मि, सुरक्षाका सम्पूर्ण निकायहरु र अन्य सरोकारवालाहरू निरन्तर प्रयासमा रहि अहोरात्र खटिरहेको सन्दर्भमा यस विषम परिस्थितिलाई मध्यनजर गर्दै, सम्पूर्ण सरुमारानी गाउँपालिका बासीहरुमा धैर्यधारण गरी लकडाउनको पूर्ण पालना गरी आधारभुत स्वास्थ्य तथा सरसफाईको मापदण्ड परिपालन गर्नु हुन साथै सामाजिक तथा दैनिक क्रियाकलाप सञ्चालन गर्दा सामाजिक दुरी कायम राखु हुन र अत्यावश्यक बाहेकको अन्य कार्यको लागि घर बाहिर ननिस्कनु हुन यस गाउँपालिका परिवार हार्दिक अनुरोध गर्दछ ।

२०७७।०२।२५

अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत